नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ............................ शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल।

पत्र संख्या :- ७६/७७
चलानी नम्बर :- ९४६६

मिति : २०७६-०५-१९

विषय :- कम्पनी अद्यावधिक र नियमावली संशोधनको अभिलेख सम्बन्धमा।

अपर तामाकोशी हाइड्रोपावर (लि. नं. ९९१)
का.म.न.पा.-३१,काठमाण्डौ,बाग्मती

त्यस कम्पनीले मिति २०७६/०५/१६ मा पेश गरेको निवेदन उपर कारबाही हुँदा उक्त कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नुपर्ने आ.व. २०७४/०७५ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आ.व. सम्म कम्पनी अद्यावधिक रहेको र त्यस कम्पनीको मिति २०७६/०३/३१ को विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम नियमावलीको नियम ५(१) र ५(२) मा गरेको संशोधन अभिलेख गरिएको व्यहोरा मिति २०७६/०५/१७ को निर्णयानुसार जानकारी गराइन्छ।

(सीताराम खड्का)
सहायक रजिष्ट्रार

<u>बोधार्थ</u>
श्री विद्युत विकास विभाग, काठमाडौं।
श्री नेपाल धितोपत्र बोर्ड, ललितपुर।
श्री नेपाल स्टक एक्सचेन्ज लि., काठमाडौं।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., काठमाडौं।
श्री आन्तरीक राजश्व कार्यालय, काठमाडौं।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

# अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

## नियमावलीमा भएको दोश्रो संशोधन

अपर तामाकोशी हाइड्रोपावर लिमिटेड (कम्पनी)को २०७६ आषाढ ३१ गते मंगलवार बसेको एघारौं वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव अनुसार कम्पनीको नियमावलीमा देहाय बमोजिम दोश्रो संशोधन गरिएको छः-

**नियमावलीको नियम ५ मा संशोधनः**

नियँम ५ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः

(१) कम्पनीको बाँडफाँड भएको कूल शेयर संख्याको ५१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरू मध्ये कम्तीमा तीनजना शेयरधनीहरू स्वयम वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिने छ।

नियम ५ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः

(२) उपनियम (१) बमोजिमको गणपुरक संख्या पूरा नभएको कारणले सभा हुन नसकी कम्तीमा सात दिनको सूचना दिई अर्को पटक सभा बोलाउँदा कम्पनीको बाँडफाँड भएको कूल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा तीन जना शेयरधनी स्वयम वा प्रतिनिधि मार्फत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन।